मानननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# आ.व. २०८१/०८२ मा सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने चालु कार्यक्रम अन्तर्गत प्रशासन तथा योजना माहाशाखा तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८१

मानननीय मन्त्रीस्तरबाट स्वीकृत मिति- २०८१/०४/०

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

## विषय सूची:

मानीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

१ जनप्रतिनिधिहरुको प्रदेशस्तरीय अनुभव आदानप्रदान कार्यशाला

२ प्रदेशको पहिचान झल्कने भिडीयो निर्माण प्रतियोगिता

३ ट्रान्सपरेन्सी इन्टरनेशनलसंगको सहकार्यमा सुशासन प्रवर्द्धन सम्वन्धी कार्यशाला

४ योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी सरोकारवालाहरुबीच प्रदेशस्तरिय कार्यशाला

५ श्रमिक तथा बैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम

६ सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जिल्लास्तरिय समिक्षा तथा समन्वय बैठक

७ मन्त्रालय र मातहत निकायहरूबाट कार्यान्वयन भएका सिपमूलक तथा व्यावसायिक तालिमहरुको प्रभाव अध्ययन र तथ्याङ्क सङ्कलन

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# जनप्रतिनिधिहरुको प्रदेशस्तरीय अनुभव आदानप्रदान कार्यशाला मापदण्ड,- २०८१

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.२५.४४५ | २२५२२ | १ | पटक | १००० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | गण्डकी प्रदेश भित्रका निर्वाचित जनप्रतिनिधिहरु विच एक आपसमा अनुभव आदानप्रदान गरी असल अभ्यास र सिकाइलाई अनुसरण गर्दै आगामी दिनमा प्रदेको समृद्धिको लागि विकास निर्माणमा चाल्नुपर्ने कदमहरु पहिचान गर्ने तथा एक आपसमा चिनजान/सदभाव बढाउने उद्धेश्यले मन्त्रालयको वार्षिक कार्यक्रममा रहेको सो कार्यक्रम कार्यान्वयनका लागि, गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविध २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| उद्देश्य | ➢ असल अभ्यास र सिकाइलाई प्रदेको समृद्धिमा उपयोग गर्ने<br>➢ जनप्रतिनिधिहरु विच एक आपसमा चिनजान/सदभाव बढाउने |
| सहयोगी निकाय वा संस्थाहरु | ➢ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश<br>➢ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश<br>➢ प्रदेश सभा सचिवालय<br>➢ नगरपालिका / गाउपालिका महासंघ<br>➢ जिल्ला समन्वय समिति<br>➢ जिल्ला प्रशासन कार्यालय कास्की |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | ➢ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश<br>➢ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | ➢ गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री<br>➢ गण्डकी प्रदेश माननीय मन्त्रीहरु<br>➢ गण्डकी प्रदेश सभाका माननीय सभासदहरु<br>➢ जिल्ला समन्वय प्रमुख- एघार<br>➢ नगरपालिका/गाउँपालिका महासंघ गण्डकी प्रदेश र जिल्लाका प्रमुख<br>➢ मुख्यमन्त्री तथा मंन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेशका प्रमुख सचिव<br>➢ प्रमुख जिल्ला अधिकारी<br>➢ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र सामाजिक विकास तथा स्वास्य मन्त्रालयका सचिव /कर्मचारीहरु |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

| | |
|---|---|
| बजेट बाडफाट | ➢ खाजा/खाना/होटल बास खर्च/स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| कार्य सञ्चालन प्रक्रिया | ➢ कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण ।<br>➢ प्रस्तावना तयारी तथा स्वीकृती<br>➢ छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ कार्यक्रम संचालन तथा प्रतिवेदन |
| अपेक्षित प्रतिफल | ➢ प्रदेशका जनप्रतिनिधिहरुको असल अभ्यास र सिकाइलाई प्रदेको समृद्धिमा उपयोग हुनेछ ।<br>➢ प्रदेशका जनप्रतिनिधिहरु विच एक आपसमा चिनजान/सदभाव बढनेछ । |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# प्रदेशको पहिचान झल्कने भिडीयो निर्माण प्रतियोगिताको मापदण्ड,- २०८१

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.५.१८१ | २२५२२ | १ | पटक | ५०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | गण्डकी प्रदेश हिमाल, पहाड र तराई गरी तीन वटै भूगोल रहेको प्रदेश हो । यहाँ विभिन्न किसिमका जातजातीहरु विभिन्न धर्मावलम्विहरु बसोवास गर्दछन ।यहाँ विभिन्न मनमोहक तालतलैया, नदी, हिमश्रङखला, मठमन्दीर, विभिन्न साहसिक खेलहरु आदि रहेका छन । प्रदेश भित्र रहेका सवै विषयवस्तुहरुलाई समेटी प्रदेशको गौरव झल्काउने भिडियो तयार गरी देश विदेशमा प्रदेशको पहिचान गराउने उद्धेश्यले मन्त्रालयको वार्षिक कार्यक्रममा रहेको सो कार्यक्रम कार्यान्वयनका लागि, गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविध "२०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| भिडियो निर्माणको उद्देश्य | ➢ बृत्तचित्र/भिडीयो निर्माणबाट प्रदेशको चिनारी/पहिचान गराउनु<br>➢ प्रदेशमा भएको विकास निर्माणको अवस्थाको वारेमा जानकारी गराउनु<br>➢ हिमाल, पहाड, तराइ जुनसुकै भुगोलमा बसोवास गरेका नागरिकहरु विच पनि आपसी सदभाव बढाउनु<br>➢ पिछडिएका जातिजाती अल्पसंख्यकहरुलाई मूल धारमा ल्याउन प्रेरित गर्ने ।<br>➢ प्रदेशमा रहेका खोलानाला, तालतलैया, हिमाल, गुम्वा, मठमन्दीर, पर्यटकिय क्षेत्रको प्रचारप्रसारमा सहयोग पुर्याउनु |
| भिडियो निर्माणका सिमाहरु | ➢ भिडियो निर्माणकर्ता नेपाली नागरिक हुनुपर्ने<br>➢ बृत्तचित्र/भिडियो मौलिक नेपाली भाषामा रहेको हुनुपर्ने<br>➢ बृत्तचित्र दलगत, जातजाती, धर्म सम्प्रदाय, भषाभाषीलाई मर्यादामा राखि स्वच्छ तवरले निर्माण गरेको हुनुपर्ने<br>➢ बृत्तचित्र निर्माण गर्दा निषेधित क्षेत्रको पनि ख्याल राख्नुपर्ने । |
| भिडियो निर्माणका क्षेत्रहरु (छायाङ्कन) | ➢ शिक्षा, स्वास्थ्य, संस्कृती, इतिहास, भूगोल, कला, भाषा, सभ्यता, मठमन्दीर, वाटो, तालतलैया, नदी, हिमाल, पहाड, तराइ, प्रदेशका विभिन्न आयोजनाहरु, होमस्टे, पर्यटकिय क्षेत्र आदिलाई समेटीएको हुनु पर्नेछ |
| सहयोगी निकाय वा संस्थाहरु | ➢ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश<br>➢ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश<br>➢ भिडीयो/बृत्तचित्र निर्माण गर्ने संघ संस्थाहरु तथा निजी क्षेत्र |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

| | |
|---|---|
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। |
| कार्य संचालन प्रक्रिया तथा बजेट बाडफाट | ➢ भिडीयो/बृत्तचित्र निर्माण गर्न विभिन्न संघसंस्था, निजी क्षेत्र, सर्वसाधारणले जानकारी पाउने गरी सूचना प्रकाशन गरिने र प्राप्त प्रस्तावहरुको प्रतियोगिता मार्फत मूल्याङ्कन गरी तपशिल बमोजिमको पुरस्कार उपलव्ध गराइने छः<br>१ प्रथम पुरस्कार-२५००००-(१जनालाई)<br>२ दितीय पुरस्कार-१५००००।-(१जनालाई)<br>३ तृतीय पुरस्कार-५००००।-(१जनालाई)<br>➢ बाँकी रहेको ५०हजार प्रतियोगिता व्यवस्थापन खर्च |
| अपेक्षित प्रतिफल | ➢ प्रदेशको पहिचान झल्कने भिडियो तयार भई राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा प्रदेशको प्रचार प्रसार गर्नमा सघाउ पुग्नेछ । |

मानननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# ट्रान्सपरेन्सी इन्टरनेशनलसंगको सहकार्यमा सुशासन प्रवर्द्धन सम्वन्धी कार्यशालाको मापदण्ड, २०८१

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.८.१८४ | २२५२२ | ३ | पटक | ५०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवं न्यायिक रुपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउनु राज्यको दायित्व हो । सुशासनले राज्यका हरेक क्षेत्रमा दण्डहीनताको अन्त्य गर्दै कानुनी राज्यको वकालत, भ्रष्टाचारमा शुन्य सहनशीलता सहितको आर्थिक विकास, कानूनको पुर्णपालनाको सुनिश्चितता, जनमुखी एवं पारदर्शी सरकारको अपेक्षा गरेको हुन्छ यही उद्धेश्य पुरागर्नको लागि राज्यका संयन्त्रहरुलाई सकृय र सजग गराउनको लागि सरोकारवालाहरु विच अन्तर्कृया छलफल गर्ने उद्धेश्यले यो कार्यक्रम राखिएको र गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७ ,को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरिएको छ। |
| कार्यक्रमको उद्देश्य | ➢ कानूनी राज्य र विधिको शासनको स्थापना गर्नु<br>➢ पारदर्शिता र जवाफदेहीताको प्रवर्द्धन गर्नु<br>➢ भ्रष्टाचार र अनुशासनहिनताको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउनु<br>➢ मानवअधिकारको प्रत्याभुती सुनिश्चित पार्नु<br>➢ सार्वजनिक सेवामा नागरिक अधिकारको सुनिश्चित गर्नु<br>➢ सेवाग्राही नागरिकमा चेतनाको विकास गर्नु |
| सहयोगी निकाय वा संस्थाहरु | ➢ जिल्ला प्रशासन कार्यालय<br>➢ जिल्लास्थित संघ, प्रदेश र स्थानीय निकायका कार्यालयहरु<br>➢ प्रदेश/ जिल्लास्थित पत्रकार महासंघ<br>➢ जिल्लास्थित नागरिक समाजका संस्थाहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।<br>**ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालसंगको सहकार्यमा सुशासनका लागि नागरिक समाज कास्की** |
| सहभागीहरु | ➢ स्थानिय तहका प्रमुख/उप-प्रमुख तथा अध्यक्ष/उपाध्यक्ष<br>➢ प्रमुख जिल्ला अधिकारी<br>➢ प्रमुख प्रशासकिय अधिकृत,<br>➢ जिल्लास्थित संघ, प्रदेश र स्थानीय निकायका कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु<br>➢ जिल्लास्थित नागरिक समाजका प्रमुख तथा प्रतिनिधिहरु<br>➢ अन्य सर्वसाधारण व्यक्तित्वहरु |

माननीय विन्दु कुमार थापा
मन्त्री

| | |
|---|---|
| बजेट वाँडफाँट | ➢ खाजा/खाना,तालिम/अन्तरकृया, व्यवस्थापककी होटलवास/यातायात, प्रशिक्षक भत्ता, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| कार्य संचालन प्रक्रिया | ➢ सम्वन्धित संस्थासंग कार्यक्रम संचालन सम्वन्धि प्रस्ताव लिने<br>➢ सम्वन्धित संस्थासंग कार्यक्रम संचालनको लागि मापदण्ड बनाइ संझौता गर्ने<br>➢ कार्यक्रम संचालनको प्रतिवेदन, सक्कल विल भर्पाईको आधारमा सोधभर्ना दिने वा नियमानुसार पेश्की उपलव्ध गराई कार्यक्रम संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | ➢ सेवाग्राही नागरिकमा चेतनाको विकास हुने<br>➢ पारदर्शिता र जवाफदेहीता बृद्धि हुने<br>➢ भ्रष्टाचार र अनुशासनहिनतामा कमी आउने<br>➢ सार्वजनिक सेवामा नागरिक अधिकारको सुनिश्चिता अभिबृद्धि हुनेछ । |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी सरोकारवालाहरुबीच प्रदेशस्तरिय कार्यशालाको मापदण्ड, २०८१

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.८.१८२ | २२५२२ | ३ | पटक | १००० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | हरेक मुलुकका नागरिक एवं श्रमजिविहरुलाई जीवनको प्रारम्भ देखि अन्तिम अवस्थासम्म विभिन्न किसिमका आर्थिक एंव सामाजिक समस्याहरु आई पर्दछन । यस्ता समस्याहरु मानिसको कावु वाहिरको परिस्थितिका कारण श्रजना हुने गर्दछन र उनीहरु आफै यस्ता समस्याहरु सहज ढंगले समाधान गर्न असमर्थ रहन्छन । तसर्थ राज्यले आफ्ना नागरिकहरुको जीवनमा मानविय असावधानी र प्राकृतिक प्रकोपका कारण आइपर्ने असामान्य एंव अनियन्त्रित अवस्थावाट जोगाउन तथा आर्थिक एंव गैर आर्थिक सहयोग एवं संरक्षणका कार्यक्रमहरु मार्फत आफ्ना नागरिकहरुलाई सुरक्षा प्रदान गर्न यस्ता कार्यक्रमहरु गर्दछ । नेपालको संविधानमा श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने संवैधानिक व्यवस्था रहेको छ । योगदानकर्ताहरुलाई उनिहरुले प्राप्त गर्ने सहयोग र संरक्षणका क्षेत्रहरुको जानकारी गराउने उद्धेश्यले मन्त्रालयको वार्षिक कार्यक्रममा रहेको सो कार्यक्रम कार्यान्वयनका लागि, गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविध "२०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय यो मापदण्ड निर्माण गरेको हो। |
| कार्यक्रमको उद्देश्य | श्रमिकका समस्याहरुको सहजढंगले समाधान गर्न र संभाव्य जोखिमबाट उत्पन्न हुने असहज परिस्थिति (बूद्धाबस्था, बिरामी, सुत्केरी भई आय आर्जन गर्न नसकेको अवस्था र बेरोजगार भएको अवस्थामा सुविधा प्रदान गरी नागरिकको जिवन निर्वाहमा सहजता ल्याउनु) को सामाधान गर्न योगदानकर्ताहरुलाई उनिहरुले प्राप्त गर्ने सहयोग र संरक्षणका क्षेत्रहरुको जानकारी गराउने यस कार्यक्रमको उद्धेश्य रहेको छ । |
| कार्यक्रमका सिद्धान्तहरु | ➢ योगदन नगर्नेले यस योजनामा सहभागी हुन पाउदैन<br>➢ यस योजनामा योगदानकर्ताको भुक्तानीको पूर्ण सुनिश्चितता रहेको हुन्छ<br>➢ यस योजनाले औपचारिक, अनौपचारिक तथा स्वरोजगार क्षेत्रका सम्पूर्ण श्रम शक्तिलाई समेटदछ ।<br>➢ श्रमिकले योगदानका आधारमा सुरक्षा योजनाबाट सुविधा प्राप्त गर्दछ ।<br>➢ कोषमा रोजगारदाता, श्रमिक र सरकार समेतको योगदान रहन्छ ।<br>➢ यस योजनाहरु श्रमिकका प्रतिनिधि समेत रहेको त्रिपक्षिय संचालक समितिबाट |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

| | |
|---|---|
| | संचालन हुन्छ । |
| सहयोगी निकाय वा संस्थाहरु | • प्रदेश स्थित मन्त्रालय र अन्तर्गतका कार्यालयहरु<br>• जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह<br>• जिल्लास्थित सामाजिक विकास कार्यालयहरू<br>• उद्योग बाणिज्य संघ<br>• रोजगारदाता र श्रमिकका संघसंस्थाहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | ➢ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका माननीय मन्त्री/सचिव लगायत कर्मचारी<br>➢ स्थानिय तहका प्रमुख/उप-प्रमुख तथा अध्यक्ष/उपाध्यक्ष तथा कर्मचारीहरु<br>➢ प्रमुख जिल्ला अधिकारी वा प्रतिनिधी<br>➢ प्रमुख प्रशासकिय अधिकृत,<br>➢ अनौपचारिक क्षेत्रका रोजगारदाता तथा श्रमिकहरु<br>➢ सम्बन्धित विषयसँग सम्बन्धित कार्यालय तथा सस्थाको प्रतिनिधी । |
| बजेट बाँडफाँट | खाजा/खाना, वैठक भत्ता, तालिम/अन्तरकृया/अभिमुखिकरण/गोष्ठी संचालन, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| कार्य संचालन प्रक्रिया | ➢ कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण ।<br>➢ प्रस्तावना तयारी तथा स्वीकृती<br>➢ छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ कार्यक्रम संचालन तथा प्रतिवेदन |
| अपेक्षित प्रतिफल | ➢ योगदानकर्ताको जीवनमा आइपर्ने आर्थिक सामाजिक समस्याहरुको न्यूनीकरण<br>➢ राज्यको जनताप्रति र रोजगादाताको श्रमिकप्रतिको उत्तरदायित्व बहन हुने<br>➢ श्रमिक तथा नागरिकलाई गणस्तरीय जीवन बाच्न पाउने नैसर्गिम अधिकारको प्रत्याभूति हुने ।<br>➢ योगदानकर्ताको आयको सुरक्षा र जिवनस्तरको सुनिश्चितता रहने |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# श्रमिक तथा बैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम सम्बन्धी मापदण्ड, २०८१

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.९.९ | २२५२२ | ५ | पटक | १० लाख | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| प्रस्तावना | वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूबाट बर्षेनी अरबौ रुपैयाँ विप्रेषण भित्रिने गरेको छ । नेपालका धेरै परिवार विप्रेषणमा आश्रित रहेका छन् र नेपालको अर्थतन्त्रमा विप्रेषणको उल्लेख्य योगदान रहेको छ । तर प्राप्त विप्रेषणको सहि ढंगले उपयोग हुन नसक्दा बैदेशिक रोजगारीमा जाने व्यक्तिले आफ्नो अधिकांश उर्जाशील समय विदेशमै बिताउनु पर्ने बाध्यता रहेको छ । त्यसैगरी स्वदेशमै रोजगारी गर्ने श्रमिकका परिवारहरूले पनि आफ्नो आम्दानीको सदुपयोग गर्न नजान्दा आफ्नो कमाईले दैनिक दुई छाक टार्न वाहेक अतिरिक्त प्रगति गर्न नसकिरहेको देखिन्छ । दैनिक ज्यालादारी तथा रोजगारीमा आश्रित परिवारलाई आम्दानीको सहि उपयोगका लागि घरायसी बजेट बनाउने, आय व्ययको हिसाबकिताव राख्ने, नियमित रुपमा बचत गर्ने जस्ता ज्ञान र सिपको अत्यन्त आवश्यकता रहेको देखिएको छ । यसैको सन्दर्भमा स्वदेशी आम्दानी र विप्रेषणको सहि ढंगले उपयोग गर्ने ज्ञान र सिपको अभिवृद्धि गराउने अभिप्रायका साथ आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रममा **श्रमिक तथा बैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम** रहेको हुनाले सो कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०७७ , को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| उद्देश्य | • पारिवारिक बजेटको वार्षिक योजना तयार गर्न सिकाउनु,<br>• आय व्ययको हिसाव किताव राख्ने क्षमता बढाउनु,<br>• खर्चमा मितव्ययिता अपनाउने र फजुल खर्च गर्न निरुत्साहित गर्नु,<br>• नियमित रुपमा बचत गर्न उत्प्रेरित गराउनु,<br>• अल्पकालीन, मध्यकालीन र दीर्घकालीन वित्तीय लक्ष्य निर्धारण गर्न सिकाउनु,<br>• जिवन चक्रमा विभिन्न आवश्यकता पुरा गर्न र भविष्यमा आउन सक्ने चुनौती व्यवस्थापन गर्न सक्ने ज्ञान र सिप प्रदान गर्नु,<br>• बैकल्पिक आय आर्जनको स्रोत खोज्न सिकाउनु, |
| कार्यान्वयन गर्ने निकाय | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा । |
| सहयोगी निकाय वा संस्थाहरु | • व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू, रोजगार सूचना केन्द्र तथा सामाजिक विकास कार्यालयहरू<br>• गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान<br>• आवश्यकतानुसार अन्य परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| बजेट बाँडफाँट | (१) प्रत्येक कार्यक्रमको लागि बढीमा एक लाख असी हजार रुपैयाँ |

माननीय विन्दु कुमार थापा
मन्त्री

| | |
|---|---|
| | (२) बाँकि रकमबाट स्रोत सामाग्री तथा पाठ्यक्रम निर्माण/प्रतिवेदन तयारी तथा छपाईमा खर्च गर्ने । |
| कार्य संचालन प्रक्रिया | • कार्यक्रम सञ्चालन गर्न स्रोत व्यक्ति सूचीकृत गर्ने ।<br>• कार्यक्रम सञ्चालनका लागि सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन नभएका ३ वटा जिल्लाका बढीमा ५ वटा स्थानीय तहहरु छनौट गर्ने, छनौट गर्दा बढी मात्रामा बैदेशिक रोजगारीमा गएको संख्यालाई आधार लिने ।<br>• तोकिएको गाउँ/नगरपालिकाका केन्द्रहरुमा पुगी प्रति समूह बढिमा ३० जना सहभागी गराई वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने ।<br>• कार्यक्रममा सहभागीलाई जानकारीमूलक पुस्तिका छपाई गरी वितरण गर्ने ।<br>• आवश्यकता अनुसार सामी/हेल्भेटास परियोजना, स्थानीय तह तथा सरोकारवाला विज्ञ र संघसंस्थाहरुबाट पनि प्राविधिक सहयोग लिन सकिने,<br>• यस कार्यक्रम कार्यान्वयन गर्ने जिम्मा सहयोगी निकायहरूलाई पनि दिन सकिने।<br>• कार्यक्रम सम्पन्न भए पश्चात् भुक्तानी हुनेछ । |
| अपेक्षित प्रतिफल | • वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवार तथा स्वदेशमै रोजगारी गर्ने श्रमिकका बढिमा १५० परिवारहरूले आफ्नो आम्दानीको सदुपयोग गर्ने प्रक्रियाका बारेमा वित्तीय ज्ञान हासिल गरेका हुनेछन् । |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जिल्लास्तरिय समिक्षा तथा समन्वय बैठक सम्बन्धी मापदण्ड, २०८१

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.२४.४२६ | २२५२२ | ५ | पटक | ५०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | रोजगारीको हालको प्रमुख आवश्यकता र प्राथमिकता हो । नेपालको सन्दर्भमा आन्तरिक रोजगारीसँगसँगै वैदेशिक रोजगारी पनि महत्वपुर्ण देखिदै आएको छ ।स्थानीय तहहरुमा रहेका रोजगार सेवा केन्द्र मार्फत आन्तरिक रोजगारी प्रवर्द्धन तथा वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आइरहेका सम्बन्धमा प्रदेश सरकारको रोजगार सूचना केन्द्र मार्फत प्रदेश सरकारले सुरक्षित वैदेशिक रोजगारका निम्ति लिएका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको निम्ति स्थानीय तहसँगको सहकार्य र समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ। वैदेशिक रोजगारी सम्बन्धी विभिन्न किसिमले हुने ठगि न्यूनीकरण, उचित सूचना परामर्श, सीप तालिमको महत्व र मनोसामाजिक परामर्श लगायतका सूचना एंव सेवाहरु सबै स्थानीय तहहरु मार्फत सबै नागरिकहरुको पहुचँमा पुर्‍याई वैदेशिक रोजगारीसँग सम्बन्धी समस्या न्यूनीकरण गर्ने र गर्न सघाउने अभिप्रायका साथ यस मन्त्रालयले समेत सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा कार्य गर्नको निम्ती बजेट व्यवस्थापन गरी कार्यन्वयन गरिरहेको छ। प्रदेश अन्तर्गतका सबै स्थानीय तहमा सघन रुपमा सुरक्षित वैदेशिक रोजगार कार्यक्रम सञ्चालन नभएको तर सबै स्थानीय तहमा यस सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता र महत्व देखिएकाले कार्यक्रम सञ्चालन भई सकेका स्थानीय तहहरुको अनुभव र कार्यक्रम सञ्चालन हुन बाकि रहेका स्थानीय तहहरुमा अनुभव सिकाई हस्तान्तरण र कार्यक्रमको अभिमुखिकरण गर्न आ.ब. २०८१/०८२को बजेट तथा कार्यक्रममा स्थानीय तह र यससँग सम्बन्धित सरोकारवालाहरुसँग **सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जिल्लास्तरिय समिक्षा तथा समन्वय बैठक** रहेको हुनाले सो कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०७७ , को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। | | | | | | |
| कार्यक्रमको उद्देश्य | ➢ सुरक्षित आप्रबासन कार्यक्रमको सिकाई आदान प्रदान,<br>➢ आगामी बर्षको कार्यक्रम तय गर्न पृष्ठपोषण लिन,<br>➢ जिल्लास्तरमा रहेका सरोकारवाला निकायहरु विच प्रभावकारी समन्वय गराउन, | | | | | |
| सहयोगी निकाय वा संस्थाहरु | • जिल्ला/ईलाका प्रशासन कार्यालय<br>• स्थानीय तह<br>• सुरक्षित आप्रबासन कार्यक्रम<br>• व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू<br>• रोजगार सूचना केन्द्र | | | | | |

माननीय विन्दु कुमार ...
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

| | |
|---|---|
| | • सामाजिक विकास कार्यालयहरू |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | ➢ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका मा मन्त्री/सचिव लगायत कर्मचारी<br>➢ स्थानिय तहका प्रमुख/उप-प्रमुख तथा अध्यक्ष/उपाध्यक्ष,<br>➢ प्रमुख जिल्ला अधिकारी वा प्रतिनिधी<br>➢ ईलाका प्रशासन प्रमुख वा प्रतिनिधी<br>➢ प्रमुख प्रशासकिय अधिकृत,<br>➢ सामी कार्यक्रमको कर्मचारीहरु,<br>➢ सम्बन्धित विषयसँग सम्बन्धित कार्यालय तथा सस्थाको प्रतिनिधी । |
| बजेट बाँडफाँट | ➢ प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम खाजा, खाना, प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, व्यानर,पानी लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| कार्य संचालन प्रक्रिया | ➢ कम्तीमा ५ वटा जिल्लास्तरीय बैठक सञ्चालन गरिनेछ। आवश्यकता अनुसार छिमेकी जिल्लाहरुलाई समेत सहभागी गराई बैठक सञ्चालन गर्न सकिनेछ। |
| अपेक्षित प्रतिफल | ➢ सुरक्षित आप्रबासन कार्यक्रमको सिकाई आदान प्रदान भई आगामी बर्षको कार्यक्रम तय गर्न पृष्ठपोषण प्राप्त हुनेछ।<br>➢ जिल्लास्तरमा रहेका सरोकारवाला निकायहरु विच समन्वय गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन हुनेछ।<br>➢ कार्यक्रम प्रति सरोकारवाला निकायहरुको अपनत्व बृद्धिमा सहयोग पुग्नेछ। |

माननीय बिन्दु कुमार ...
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# मन्त्रालय र मातहत निकायहरूबाट कार्यान्वयन भएका सिपमूलक तथा व्यावसायिक तालिमहरुको प्रभाव अध्ययन र तथ्याङ्क सङ्कलन सम्बन्धी मापदण्ड, २०८१

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.७.२७ | २२५२२ | १ | पटक | ५ लाख | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| विषयवस्तु | विवरण |
|---|---|
| प्रस्तावना | नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । श्रम गर्न योग्य हरेक नागरिकलाई काम गर्न पाउने अवसर सुनिश्चितताको लागि स्व/रोजगारमूलक व्यावसायिक तालिमहरूको अवसर उपलब्ध हुन जरूरी हुन्छ। यसैको सन्दर्भमा यस मन्त्रालय र मन्त्रालय मातहत निकायहरूले विगतका आ.व.हरूदेखि विभिन्न सिपमूलक तथा व्यावसायिक तालिमहरू सञ्चालन गर्दै आएको हुनाले उक्त तालिमहरूले उद्देश्यअनुरुपको परिणाम दिए/नदिएको सन्दर्भमा प्रभाव अध्ययन गरी प्राप्त भएको प्रतिवेदनको आधारमा भावी कार्यक्रमहरू प्रक्षेपण गर्न वाञ्छनीय भएकोले सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०७७ , को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड बनाएको छ। |
| उद्देश्य | • मन्त्रालय र मातहत निकायहरूबाट तालिम प्राप्त गर्नेहरूको तथ्याङ्क सङ्कलन गर्ने,<br>• तालिम प्राप्त व्यक्तिहरूले प्राप्त गरेको रोजगारीको तथ्याङ्क सङ्कलन गर्ने,<br>• तालिम पाएपछि स्वरोजगार/उद्यमी भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने,<br>• तालिम प्राप्त बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने,<br>• प्राप्त तथ्याङ्क र प्रतिवेदनहरूको समीक्षा गरी भावी कार्ययोजना तय गर्ने। |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश |
| सहयोगी निकाय वा संस्थाहरु | • व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू, रोजगार सूचना केन्द्र तथा सामाजिक विकास कार्यालयहरू<br>• गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान<br>• आवश्यकतानुसार अन्य परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| बजेट बाँडफाँट | (१) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च (२) दैनिक भ्रमण भत्ता<br>(३) फाराम छपाई (४) प्रतिवेदन तयारी तथा छपाई |
| कार्य सञ्चालन प्रक्रिया | • ~~प्रभाव मूल्याङ्कनकर्ता छनौट गर्ने,~~<br>• मन्त्रालय मातहतका तालिम प्रदायक निकायहरूबाट **अनुसूची-१** बमोजिम गत पाँच आ.व.मा तालिम लिएकाहरूको तथ्याङ्क सङ्कलन गर्ने<br>• प्रभाव अध्ययन गर्नका लागि जिल्ला छनौट गर्ने<br>• तोकिएको जिल्लामा पुगी तालिम लिएका व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी रोजगार, स्वरोजगार र बेरोजगार रहेका व्यक्तिहरूको विवरण **अनुसूची-२, ३ र ४** बमोजिमको सङ्कलन गर्ने,<br>• संकलित तथ्याङ्कहरूको एकीकरण तथा छपाई गर्ने |
| अपेक्षित प्रतिफल | • मन्त्रालय र मातहत निकायहरूबाट उपलब्ध गराइएका तालिमहरुबाट लाभान्वित भएकाहरूको तथ्याङ्क प्राप्त भई अभिलेखीकरण भएको हुनेछ। |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

अनुसूची-१

## तालिम प्राप्त गरेका व्यक्तिहरूको विवरण सङ्कलन फाराम

१. आ.व. २०७५/०७६ :

| सि.नं. | नाम | ठेगाना | शैक्षिक योग्यता | लिङ्ग | लिएको तालिम | तालिमको अवधि | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

२. आ.व. २०७६/०७७ :

| सि.नं. | नाम | ठेगाना | शैक्षिक योग्यता | लिङ्ग | लिएको तालिम | तालिमको अवधि | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

३. आ.व. २०७७/०७८ :

| सि.नं. | नाम | ठेगाना | शैक्षिक योग्यता | लिङ्ग | लिएको तालिम | तालिमको अवधि | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

४. आ.ब. ०७८/०७९ :

| सि.नं. | नाम | ठेगाना | शैक्षिक योग्यता | लिङ्ग | लिएको तालिम | तालिमको अवधि | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

५. आ.ब. ०७९/०८० :

| सि.नं. | नाम | ठेगाना | शैक्षिक योग्यता | लिङ्ग | लिएको तालिम | तालिमको अवधि | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची२-

## तालिम लिए पश्चात तालिमसँग सम्बन्धित रोजगारी प्राप्त गरेका व्यक्तिहरूको विवरण सङ्कलन फाराम

१. नामः ..........................................................................................................

२. ठेगानाः .................................................................................................

३. सम्पर्क नं: ........................................ उमेर :...................... लिङ्गः .................

४. शैक्षिक योग्यताः ..............................................

५. वैवाहिक अवस्थाः ........................ परिवारिक भूमिकाः..........................

६. परिवारमा सदस्य संख्याः ...................... परिवारको आम्दानीको स्रोतः ..........................

७. हालसम्म लिएका तालिमहरूः

| क्र.सं. | तालिमको नाम | अवधि | लिएको साल | तालिम प्रदायक संस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

८. रोजगारी सम्बन्धी विवरण

क) प्राप्त रोजगारीको नामः ..........................................................................

ख) रोजगारी प्रदायक निकायः ..........................................................................

ग) किसिम (स्थायी/अस्थायी/करार) ....................................

घ) पारिश्रमिकः .............................................. रोजगारी प्राप्त गरेको मितिः ..........................

ङ) रोजगारी परिवर्तन गरेको भए कहाँ/कहाँ गर्नुभयोः ..........................................................

..........................................................................................................

९. रोजगारीबाट परिवारमा भएको लाभः ..........................................................

१०. रोजगार प्राप्तिमा तालिमको प्रभावकारिता कस्तो लाग्यो? ..........................................

११. थप तालिमको आवश्यकता छ? छ भने कुन तालिम लिन चाहनु हुन्छ? .................................

..........................................................................................................

१२. सुझाव केही छ? ..........................................................................

१३. अपेक्षा के छ? ..........................................................................................

१४. भावी योजना के छ? ..................................................................................

..........................................................................................................

विवरण दिनेको दस्तखतः ....................

नाम, थरः ........................................

ठेगानाः ........................................

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

अनुसूची-३

## तालिम लिए पश्चात स्वरोजगार भएका व्यक्तिहरूको विवरण सङ्कलन फाराम

१. नामः ..........................................................................................................

२. ठेगानाः ......................................................................................................

३. सम्पर्क नंः ............................................ उमेर :..................... लिङ्गः ........................

४. शैक्षिक योग्यताः ..................................................

५. वैवाहिक अवस्थाः ........................ परिवारिक भूमिकाः....................................

६. परिवारमा सदस्य संख्याः ........................ परिवारको आम्दानीको स्रोतः ........................

७. हालसम्म लिएका तालिमहरूः

| क्र.सं. | तालिमको नाम | अवधि | लिएको साल | तालिम प्रदायक संस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

८. स्वरोजगारी सम्बन्धी विवरण

क) अपनाएको पेसा/व्यवसाय/इलमको नामः ..........................................................

ख) पेसा/व्यवसाय सञ्चालन गरेको स्थान : ..........................................................

ग) पेसा सञ्चालन गर्न गरेको लगानी रुः ..........................................................

घ) लगानीको स्रोत (स्वलगानी/ऋण/अनुदान): ..........................................................

ङ) वार्षिक आम्दानीः ..........................................................

च) कति जनालाई रोजगारी दिइएको छ? ..........................................................

छ) सम्बन्धित निकायमा दर्ता/नवीकरण छ/छैन? ..........................................................

९. स्वरोजगारीबाट परिवारमा भएको लाभः ..........................................................

१०. तालिमको प्रभावकारिता कस्तो लाग्यो? ..........................................................

११. थप तालिमको आवश्यकता छ? छ भने कुन तालिम लिन चाहनु हुन्छ? ..............................

..........................................................................................................

१२. सुझाव केही छ? ..........................................................

१३. अपेक्षा के छ? ..........................................................

१४. भावी योजना के छ? ..........................................................

..........................................................................................................

विवरण दिनेको दस्तखतः .....................

नाम, थरः .........................................

ठेगानाः .............................................

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

अनुसूची-४

## तालिम लिएका बेरोजगार व्यक्तिहरूको विवरण सङ्कलन फाराम

१. नामः ..............................................................................................................

२. ठेगानाः ..........................................................................................................

३. सम्पर्क नंः ............................................... उमेर :...................... लिङ्गः ......................

४. शैक्षिक योग्यताः ...............................................................................................

५. वैवाहिक अवस्थाः ........................ परिवारिक भूमिकाः.......................................

६. परिवारमा सदस्य संख्याः ........................ परिवारको आम्दानीको स्रोतः ..........................

७. हालसम्म लिएका तालिमहरूः

| क.सं. | तालिमको नाम | अवधि | लिएको साल | तालिम प्रदायक संस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**८. बेरोजगारी सम्बन्धी विवरण**

क) कहिलेदेखि बेरोजगार हुनुहुन्छ? ...........................................................................

ख) रोजगारीका लागि कतिपटक प्रयास गर्नु भयोः ..........................................................

ग) रोजगारीका लागि कहाँकहाँ आवेदन दिनु भयोः ..........................................................

.............................................................................................................................

घ) रोजगारी प्राप्तिमा असफल हुनुको कारणः ..................................................................

ङ) तालिमले रोजगारी प्राप्तिमा सहयोग भएन? ...............................................................

च) स्वरोजगार किन बन्नुभएन? .....................................................................................

९. तालिमको प्रभावकारिता कस्तो लाग्यो? ......................................................................

१०. थप तालिमको आवश्यकता छ? छ भने कुन तालिम लिन चाहनु हुन्छ? ...............................

.............................................................................................................................

१०. सुझाव केही छ? ...................................................................................................

११. अपेक्षा के छ? .....................................................................................................

१२. भावी योजना के छ? ..............................................................................................

.............................................................................................................................

विवरण दिनेको दस्तखतः .....................
नाम, थरः ..........................................
ठेगानाः ............................................